पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकोट, कर्णाली प्रदेश, नेपाल

प्रकाशित मिति: २०८३/०६ / १

## परामर्शदाता (Consultant) आवश्यकता सम्बन्धी सूचना

***"राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (NWASH-MIS) तथ्याङ्क सङ्कलन, तथा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) अद्यावधिक गर्न सेवा करारका लागि प्रस्ताव आह्वान"***

नेपाल सरकारले सङ्घ, प्रदेश र स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी सूचना एकीकृत रूपमा व्यवस्थापन गर्न र स्थानीय सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) अद्यावधिक गरी कार्यान्वयनमा ल्याउन राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (NWASH-MIS) प्रयोग गर्दै आएको छ। सोही अन्तर्गत पलाँता गाउँपालिकाले आ.व. २०७८/०७९ मा सङ्कलन गरिएको तथ्याङ्कका आधारमा पारित गरी कार्यान्वयनमा ल्याइएको खानेपानी, सरसफाइ तथा स्वच्छता योजनालाई हाल अद्यावधिक गर्न आवश्यक भएको छ।

सो प्रयोजनका लागि पालिका भित्रका घरधुरी, विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक शौचालय, सञ्चालित खानेपानी आयोजना तथा खानेपानी सेवा नपुगेका क्षेत्रको भरपर्दो र गुणस्तरीय तथ्याङ्क NWASH-MIS मा सङ्कलन गर्न, तथा तथ्याङ्क सङ्कलन योजना निर्माण, सामाजिक तथा प्राविधिक गणक परिचालन, तालिम व्यवस्थापन, तथ्याङ्क सम्पादन, विश्लेषण र प्रमाणीकरण जस्ता कार्यहरू सहजीकरण गर्न योग्य एवं अनुभवी NWASH परामर्शदाता (व्यक्ति/फर्म) आवश्यक भएकोले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्ति/परामर्शदाताबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र पालाता गाउँपालिका कार्यालय वा तलको इमेल मार्फत प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ।

### १. सेवाको उद्देश्य

यस परामर्शको मुख्य उद्देश्य गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विद्यमान अवस्था अद्यावधिक गर्न आवश्यक सामाजिक तथा प्राविधिक तथ्याङ्क गुणस्तरीय रूपमा सङ्कलन, सम्पादन, प्रमाणीकरण तथा NWASH-MIS मा अद्यावधिक गर्ने कार्यलाई सहजीकरण गर्नु र प्राप्त तथ्याङ्क तथा विश्लेषणका आधारमा गाउँपालिकाको WASH Plan अध्यावधिक तथा आगामी योजना तर्जुमाका लागि आवश्यक आधार तयार गर्नु हो।

### २. मुख्य कार्यक्षेत्र (Scope of Work)

- तथ्याङ्क सङ्कलन योजना तथा फिल्ड परिचालन योजना तयारी।
- प्राविधिक तथा सामाजिक गणकहरूको तालिम व्यवस्थापन तथा सहजीकरण।
- सामाजिक तथा प्राबिधिक फिल्ड तथ्याङ्क संकलन, परिवेक्षण र गुणस्तर नियन्त्रण।
- तथ्याङ्क अपलोड, सम्पादन तथा विश्लेषण (NWASH-MIS) ।
- तथ्यांक प्रमाणीकरणमा सहजीकरण
- खानेपानी, सरसफाइ तथा स्वच्छता योजना प्राथमिकीकरणमा सहजीकरण।
- अन्तिम WASH Plan (रणनीति र सुझाव सहित) तयारी।

कम्लेस वि.क.
प्रमुख प्रशासकीय अधिकृत

*विस्तृत कार्य जिम्मेवारी सम्बन्धित कार्य सम्पादन विवरण/ToR मा उल्लेख गरिएको छ, जुन यस कार्यालय वा वेबसाइटबाट उपलब्ध हुनेछ।)*

**३. अवधि**

सम्झौता भएको मितिले कुल ३ (तीन) महिना।

**४. न्यूनतम योग्यता तथा अनुभव (मुख्य परामर्शदाता)**

- मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा स्नातक (Bachelor's degree, any discipline) उतीर्ण गरि खानेपानी सरसफाइ तथा स्वच्छताको क्षेत्रमा कम्तिमा ५ बर्षको अनुभव भएको ।
- NWASH-MIS सम्बन्धी MTOT (Master Training of Trainers) तालिम लिएको र दुई भन्दा बढी स्थानीय तहमा NWASH/MIS सम्बन्धी कार्यमा मुख्य भूमिका सहित तथ्यांक सम्पादन गरेको ठोस अनुभव भएको ।
- NWASH/WASH योजना तयारीमा गुणस्तरीय कार्यसम्पादनको प्रमाणित सन्दर्भ (reference) प्रस्तुत गर्न सक्ने।
- NWASH inventory तथा सामाजिक तथ्याङ्क समीक्षा, सम्पादन र विश्लेषणमा दक्ष।
- प्राविधिक तथा सामाजिक दुवै किसिमको तालिम सहजीकरणमा अनुभव र क्षमता भएको।
- कर्णाली वा पहाडी/हिमाली भौगोलिक क्षेत्रमा फिल्ड कार्य सञ्चालन गर्न सक्ने क्षमता भएको।
- Excel, Power BI जस्ता तथ्याङ्क विश्लेषण सफ्टवेयरको ज्ञान भएको र नेपाली/अंग्रेजी दुवै भाषामा प्रतिवेदन लेखन दक्षता भएको।

*(सामाजिक गणक, प्राविधिक गणक तथा तथ्याङ्क सम्पादन/प्रमाणीकरण जनशक्तिको योग्यता विवरण ToR मा उल्लेख गरिएको छ।)*

**५. आवश्यक कागजातहरू**

- मुख्य परामर्शदाताको NWASH मा काम गरेको Curriculum Vitae सहित तालिम तथा अनुभवको प्रमाण पत्र ।
- प्राविधिक तथा आर्थिक प्रस्ताव। (सामाजिक गणक बाहेकको, प्राबिधिक तथ्यांक संकनल, तथ्यांक अनुगमन, तथ्यांकको भेरीफिकेसन तथा तथ्यांक सम्पदान, वास योजना तयारी
- शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपि।
- नागरिकताको प्रतिलिपि।
- नेपाल सरकारको VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- फर्मको हकमा दर्ता/नवीकरण प्रमाणपत्र र अन्तिम कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- सार्वजनिक खरिद ऐन बमोजिम कालोसूचीमा नपरेको स्वघोषणा।
- प्रस्तावित कार्यमा स्वार्थ बाझिने (conflict of interest) अवस्था नरहेको स्वघोषणा।

**६. प्रस्ताव पेश गर्ने अन्तिम मिति र स्थान**

योग्यता पुगेका इच्छुक व्यक्ति/परामर्शदाता (फर्म)ले माथि उल्लिखित कागजातहरूसहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयभित्र पलाँता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा वा तोकिएको इमेलमार्फत प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका र आवश्यक कागजात नपुगेका प्रस्तावहरू उपर कुनै कारबाही गरिने छैन।

**७. प्रस्तावना मूल्याङ्कनको आधार**

कान्लेस वि.क.
प्रमुख प्रशासकीय अधिकृत

| मूल्याङ्कनको विवरण | भार (Weight) |
|---|---|
| योग्यता, अनुभव र सन्दर्भ (Qualification, MTOT, Palika-level experience, references) | 40% |
| कार्यविधि/कार्ययोजना (सङ्कलन योजना, तालिम, गुणस्तर नियन्त्रण दृष्टिकोण) | 20% |
| तालिम सहजीकरण अनुभव (प्राविधिक/सामाजिक) र गणक व्यवस्थापन क्षमता | 20% |
| आर्थिक प्रस्ताव (लागत उपयुक्तता) | 20% |

सबैभन्दा उपयुक्त (सर्वाधिक अङ्क प्राप्त गर्ने) प्रस्तावकसँग गुणस्तर र मूल्य दुवैलाई एकीकृत गरी वार्ता गरी छनोट सम्झौता गरिनेछ। एकभन्दा बढी उपयुक्त प्रस्ताव प्राप्त नभएमा वा कुनै प्रस्ताव योग्य नठहरिएमा यो सूचना आंशिक वा पूर्ण रूपमा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

## ८. अन्य सर्तहरू

- प्रचलित आयकर ऐन बमोजिम प्रत्येक भुक्तानीबाट स्रोतमा कर (TDS) कट्टी गरिनेछ।
- भ्रष्टाचार, जालसाजी, मिलेमतो वा गलत विवरण पेश गरेको ठहरेमा सार्वजनिक खरिद ऐनको सम्बन्धित दफा बमोजिम कारबाही तथा कालोसूचीमा राखिनेछ।
- यो सूचना तथा सोबाट हुने सम्झौता सम्बन्धी विवाद पालिकाको प्रचलित खरिद निर्देशिका र सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम समाधान गरिनेछ।

**सम्पर्क:**

सम्पर्क व्यक्ति: जल बहादुर बम, प्राबिधिक सहजकर्ता /बिकास महतारा, सूचना प्रबिधि अधिकृत
सम्पर्क नम्बर: ९८४५५९५७५०
इमेल: palatamun@gmail.com, jalabam700@gmail.com
कार्यालयको ठेगाना: पलाँता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट।
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता गाउँपालिका, कालिकोट

कम्लेस वि.क.
प्रमुख प्रशासकीय अधिकृत